१६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ३२४ ॥ २०८१ माघ ०५ गते शनिबार (18th Jan 2025 Saturday) | Pratidin National Daily | मूल्य-रु.५/-

### सभामुखले भनेको पत्र आएन

# बिर्तामोड बसपार्कबासी आन्दोलनमा उत्रिँदै



झापा(प्रस)। प्रधानमन्त्री केपी शर्मा ओली , सभामुख देवराज घिमिरेलगायतलाई पटक पटक ध्यानाकर्षण गराउँदासमेत आश्वासन मात्र पाएपछि बिर्तामोड बसपार्कबासीहरु बाध्य भएर आन्दोलनमा उत्रिने भएका छन् । पछिल्लो पटक गत पुष २६ गते सभामुख घिमिरेले अर्जुनधारा नगरपालिकामा आएर आज भोलि नै भूमिसुधार मन्त्रालयले पत्र पठाउने र बसपार्कबासीहरुको समस्या समाधान हुन्छ भनेपछि उनीहरु आश्वस्त भएका थिए । तर, मन्त्रालयले अहिलेसम्म पत्र पठाएको छैन । बिर्तामोड बसपाकर्कको रोक्का जग्गा फुकुवासम्बन्धमा कुनै पनि पत्र नआएको मालपोत कार्यालय झापाका प्रमुख मालपोत अधिकृत राजेशप्रसाद पोखरेलले बताए । ‘ मन्त्रालय र विभागबाट कुनै पनि पत्र आएको छैन ’ उनले भने,‘ आदेश नआइकन हामीले केही पनि गर्न सक्दैनौं ।’ गत पुष २६ गते अर्जुनधारा नगरपालिकामा भूमिसम्बन्धी समस्या भएका सरोकारवालाहरुसंगको अन्तरक्रियामा सभामुख घिमिरेले बिर्तामोड बसपार्कको जग्गा समस्या आज भोलि नै समाधान हुने बताएका थिए । बिर्तामोड बसपार्कको ५१ विघा जग्गाको ११५३ कित्ताको कारोवार रोक्का भएको सम्बन्धमा त्यसको समाधान चाँडै हुने सभामुखले पुनः आश्वासन दिएका थिए । सरोकारवालाहरुलाई आश्वस्त पार्दै उनले मालपोत कार्यालयले गत जेठ महिनामा पठाएको पत्रको जवाफ भूमिसुधार मन्त्रालयले आज भोलि नै पठाउन लागेको जानकारी दिएका थिए । झापा आउनुअघि आफूले भूमिसुधार मन्त्रीलाई मालपोत कार्यालयले पठाएको पत्रका सम्बन्धमा जिज्ञासा राखेको र त्यसको प्रतिउत्तर आज भोलि नै मन्त्रालयले विभागलाई पठाउन लागेको कुरा मन्त्रीले जवाफ दिएको घिमिरेले सुनाएका थिए । ‘ हिजो भूमिसुधार मन्त्रालयका सचिव आउनु भएन । आज आउनु हुन्छ र साँझ पाँच बजेभित्र पत्रको जवाफ पठाउने भनेर मन्त्रीसंग फोनमा कुराकानी भएको छ ’ उनको भनाई यही थियो । तर त्यस पत्रको अत्तोपत्तो छैन । यसअघि पनि गत असार २३ गते अर्जुनधारा नगरपालिकाको सभाहलमै भएको अन्तरक्रिया कार्यक्रममा सभामुख घिमिरेले बिर्तामोड बसपार्कको जग्गा समस्या समाधानका लागि पहल गर्ने बताएका थिए । तर आठ महिना बितिसक्दा पनि बसपार्कको समस्या ज्युँको त्युँ छ ।

प्रधानमन्त्री , सभामुखलगायतलाई पटक पटक अनुरोध गर्दासमेत आफूहरुको समस्या यतिका दिनसम्म समाधान नभएपछि अब आन्दोलनमा उत्रिनुको विकल्प नभएको बसपार्क समन्वय समितिका सहसचिव शिवराज पौडेलले बताए । ‘हामी आन्दोलनका लागि छलफल गर्दैछौं’ उनले भने । सडक संघर्षसंगै कानुनी लडाइँ लड्ने विषयमा छलफल भइरहेको उनले जानकारी दिए । सर्वोच्चको फैसला आएदेखि मालपोत कार्यालय झापाले बिर्तामोड बसपार्कको जग्गाको कारोबार रोकेपछि अर्बौंको लगानी गरेका पाँच सयभन्दा बढी जग्गाधनी समस्यामा परेका छन् । सर्वोच्चको फैसलाले बसपार्कको ११५३ कित्ता रोक्का भएको हो । त्यसबाट उत्पन्न अन्यौलतालाई छिटो अन्त्य गर्न बसपार्कबासीहरुले लगातार ध्यानाकर्षण गराउँदै आएका छन् । केही दिनअघि बसपार्कबासीहरुले प्रधानमन्त्री ओलीलाई आफ्ना समस्याबारे ज्ञापनपत्र बुझाएका थिए । नगर प्रमुख बलदेवसिंह गोमदेनसंग बसपार्कबासीहरु आफ्ना समस्याबारे ध्यानाकर्षण गराउन काठमाण्डौ गएका थिए ।

गत बैशाख ३१ गते सर्वोच्च अदालतले गिरीबन्धु टि इस्टेटको जग्गाको बारेमा फैसला सुनाएको थियो । सर्वोच्चले गिरीबन्धु टि इस्टेटको ३४३ बिघा १९ कठ्ठा १२ धुर जग्गा सट्टापट्टा हुन नसक्ने फैसला सुनाउँदै २०६५ सालमा बिक्री वितरण भइसकेको बिर्तामोड बसपार्कको ५१ विघा जग्गालाई समेत फैसलामा जोडेको थियो । त्यसपछि बिर्तामोड बसपार्कको जग्गाको बारेमा उत्पन्न अन्यौलताका विषयमा मालपोत कार्यालय झापाले स्पष्ट पारिदिन भूमिसुधार मन्त्रालयलाई गत जेठ महिनामा पत्र पठाएकोमा अझैसम्म त्यसको प्रतिउत्तर नआएको प्रमुख मालपोत अधिकृत पोखरेलले बताए ।

करिव १५ वर्षअघि बिक्री वितरण भइसकेर तेस्रो पक्षमा गइसकेको बिर्तामोड बसपार्कको जग्गाको विषयमा सर्वोच्चले गरेको फैसलाको स्पष्ट व्याख्या नहुँदा र भूमिसुधार मन्त्रालयले समेत प्रतिउत्तर नपठाउँदा बिर्तामोड बसपार्कबासी चिन्तित र अन्यौल बनेका छन् ।

गिरीबन्धुको बारेमा सर्वोच्चले उत्पन्न गराएको अन्यौलता र आफूहरुलाई परेको समस्यालाई लिएर अर्जुनधारा -११ र बिर्तामोड-५ स्थित बिर्तामोड बसपार्कबासीहरु समन्वय समिति गठन गरी आन्दोलित छन् ।

टेकबहादुर गिरी बसपार्कसमेत रहेको ५१ विघा जग्गामा ४०२ वटा घर निर्माण भएका छन् । ५१ विघा जग्गामध्ये ३८ विघा जग्गा प्लटिङ गरिएको थियो भने बाँकी खाली नै रहेको छ । प्लटिङमा आवासीय घरसंगै टेकबहादुर गिरी बसपार्क, पाथीभरा इन्जिनियरिङ कलेज ,कान्तिपुर ड्राइभिङ सेन्टरजस्ता व्यावसायिक संस्था छन् । त्यस्तै दुई दर्जनको हाराहारीमा होटलहरु संचालनमा रहेका छन् ।

# हचुवाको भरमा बनाएको गरिब सूची अस्वीकार



बिर्तामोड(प्रस)।बिर्तामोड नगरपालिकाले हचुवाको भरमा संकलन गरेर सार्वजनिक गरेको गरिबको सूचीलाई नगरबासीहरुले अस्वीकार गरेका छन् । बिर्तामोड नगरपालिकाभरि ८२५ जना मात्र गरिब भएको तथ्यांक बुधवार सार्वजनिक गरिएको थियो । दुई वर्षअघि बिर्तामोड नगरपालिकाले गरेको सर्वे अनुसार नगरभरि अति गरिब १८६,मध्यम गरिब ३१७ र सामान्य गरिब ३२२ जना गरी जम्मा ८२५ जना गरिव रहेको प्रारम्भिक सूची सार्वजनिक गरिएको हो । गरिब निमुखाहरु सूचीमा नपरेको र घरजग्गा भएकाहरुलाई गरिब भनेर हचुवाको भरमा सूची बनाएर नगरपालिकाले प्रकाशित गरेपछि त्यसको चौतर्फी विरोध भएको हो । नगरबासीसंगै जनप्रतिनिधिहरुले समेत त्यसको तीब्र बिरोध जनाएका छन् । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका २०७५ को दफा १३ बमोजिम जारी भएको गुनासो सुनुवाई मार्गदर्शन २०७८ को दफा २ बमोजिम मन्त्रालयबाट प्राप्त गरिब परिवारको सूची बिर्तामोड नगरपालिकाले बुधवार सार्वजनिक गरेको हो । नगरपालिकाले २०७८ माघ ८ देखि २०७९ असार ७ गतेसम्म ५ महिना लगाएर नगरपालिकाको १० वटै वडामा सर्वे गरेको थियो । सर्वे गर्नका लागि १७ जना गणक खटिएका थिए । सर्वे गरिएको रिपोर्ट मन्त्रालयमा पठाइएको थियो । ती गणकहरुले मनोमानी किसिमले गरिवको विवरण संकलन गरेको पाइएको हो । नगरपालिकाले गरिब बनाएको हो कि नगरबासीहरु आफै गरिब भएका हुन् त्यो बुझ्न नसकिएको बिर्तामोड ३ का वडाध्यक्ष मदन बुढाथोकीले बताए । जनप्रतिनिधिहरुसंग समन्वय नगरी गणकहरुले विवरण संकलन गरेको र त्यसैलाई नगरपालिकाले मन्त्रालयमा पठाएर सार्वजनिक गरेकोमा बुढाथोकीले आपत्ति जनाए ।

गरिबको सूचीप्रति आक्रोशित हुँदै बिर्तामोड १ का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले गुनासो तथा उजुरी दर्ता गर्न शुक्रवार आफ्नो वडा कार्यालयमा आएका नगरपालिकाका कर्मचारीहरुलाई फिर्ता पठाएका छन् । गुनासो तथा उजुरी दर्ता गर्न आफ्नो वडा कार्यालयमा फाराम लिएर आएका कर्मचारीहरुलाई काम गर्न नदिएको उनले जानकारी दिए ।‘ बिर्तामोड १ मा ५६ जना मात्र गरिब छन् र ? कसले गरिब भनेर चिनायो ? यसको मापदण्ड के हो ? ’ उनले भने,‘ मनोमानी ढंगले बनाएको गरिबको सूची मान्दैनौं ।’ उनले त्यस सूचीलाई ठीक ढंगले पुनरावलोकन गर्नुपर्नेमा जोड दिए ।

गरिव परिवारको प्रारम्भिक सूचीउपर गुनासो तथा उजुरी दर्ता गराउनका लागि बिर्तामोड नगरपालिकाले १५ दिने सूचना जारी गरेको थियो । गरिव परिवारमा समावेश हुनुपर्ने नाम प्रारम्भिक सूचीमा नपरेको वा समावेश नहुनुपर्ने नाम सूचीमा समावेश भएको वा एक वर्गमा समावेश गर्नुपर्ने परिवार अर्को वर्गमा समावेश भएको पाइएमा त्यस्तो सूचीउपर १५ दिनभित्र बिर्तामोड नगरपालिकाबाट खटिएका गुनासो सुनुवाई अधिकारीहरुसमक्ष गुनासो तथा उजुरी दर्ता गर्न सूचित गरिएको छ ।

सूचनामा नगरका वडा कार्यालयहरुमा गुनासो सुनुवाई अधिकारी खटिने कार्यतालिका सार्वजनिक गरिएको छ । माघ ४ गते वडा नं १ , माघ ६ गते वडा नं २ , माघ ७ गते वडा नं ३ , माघ ८ गते वडा नं ४ , माघ ९ गते वडा नं ५ , माघ १० गते वडा नं ६ , माघ ११ गते वडा नं ७ ,माघ १३ गते वडा नं ८ , माघ १४ गते वडा नं ९ र माघ १५ गते वडा नं १० मा गुनासो सुनुवाई अधिकारी खटिने बताइएको छ । बिर्तामोड नगरपालिकाको जनसंख्या करिव १ लाख ४२ हजार रहेको छ । त्यसमध्ये करिव ५८ हजार मतदाता रहेका छन् ।

# मेचीनगरको होटलमा आगलागी


झापा(प्रस)। झापाको मेचीनगरस्थित एक होटलमा आगलागी भएको छ । शुक्रवार बिहानको राति १ बजे मेचीनगर नगरपालिका वडा नम्वर १२ माईलाबारी टोलमा रहेको होटल लिटल सेफ फास्टफुड क्याफेमा आगलागी भएको हो ।

दामोदर दाहालको दुईतले घरको तल्लो तल्लामा वडा नं १३ बस्ने प्रदिप लिम्बूले संचालन गरेको होटलमा इन्भर्टरको तार सर्ट भई अचानक आगलागी हुँदा फ्रिज १ थान, र्याक १ थान, बिभिन्न ब्राण्डका रक्सीहरु, गल्लामा राखिएको नगद २५ हजार , इन्भर्टर १ थान, ब्याट्री २ थान र क्याफे आंशिक रुपमा जल्दा अन्दाजी ८ आठ लाखबराबरको क्षति भएको छ । प्रहरी चौकी चारआलीबाट खटिएको प्रहरी टोली र स्थानीयबासीको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै आगोले जलेर सुनसरीमा एक बृद्धा गंभीर घाइते भएकी छन् । बिहीवार दिउँसो ३.३० बजे सुनसरी इनरुवा -५ बलाहा बस्ने ७२ वर्षीया कमलाकुमारी न्यौपाने आफ्नै घरमा घुर बाली आगो ताप्ने क्रममा सारीमा आगो सल्किएर घाइते भएकी हुन् । कम्मरभन्दा मुनि दुबै खुट्टाको तिघ्रामा जलेर घाइते भएकी बृद्धाको जिल्ला अस्पताल सुनसरी इनरुवामा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

स्वास्थ्य सेवामा तपाई सँगै
जिवनरक्षा बिर्तामोड
पोलिक्लिनिक एण्ड डायग्नोस्टिक सेन्टर प्रा. लि.
बाल न्यूरोलोजिष्ट र बाल ग्याष्ट्रो र हेपाटोलोजिष्ट बिर्तामोडमा
माघ ५ गते शनिबार
नेपालको पहिलो र एकमात्र
DM-Pediatric Neurologist
डा. सन्तोष मिश्र, MD, DM
MBBS, MD, DM- Pediatric Neurology (PGIMER, Chandigarh, India)
नेपालको पहिलो एकमात्र
DM-Pediatric Gastro & Hepatologist
डा. दिलिप न्यौपाने, MD, DM
MBBS, MD, DM- Pediatric Gastro & Hepatology (PGIMER, Chandigarh, India)
बाल नशा रोग
- अटिजम
- छारे रोग
- मस्तिष्क घात
- टाउको र जोर्नी दुख्ने
- वंशाणुगत रोगहरु
बाल पेट, कलेजो
- पेट दुख्ने, उल्टि हुने
- कब्जियत र रक्तश्राप
- आन्द्रा र प्याक्रियाज
- पाचन प्रणाली
- जन्डिस् र कुपोषण
बिर्तामोड-8, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
023591566, 9807923352

प्राणघातक स्तन क्यान्सरबाट बचौं
स्तन क्यान्सरका लक्षणहरू
- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,
- यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसंग परामर्श गरौं




झापा गाउँपालिकाको कार्यालय
टाँघनडुब्बा, झापा

# हल्दिवारीका विद्यालयका डेक्स बेन्च पहेलो रंगमा



हल्दिवारी(प्रस)। झापाको हल्दिवारी गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयका डेक्स बेन्चहरु मर्मत गरी रंगरोकन गर्न थालिएको छ। बिहीवारदेखि धनुषा आधारभूत विद्यालयमा रहेका डेक्स बेन्चलाई पहेलो रंग गरेर चिटिक्क पार्न थालिएको गाउँपालिका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देनले बताए।

हल्दिवारी गाउँपालिकामा रहेका १७ वटा सामुदायिक विद्यालयका सबै डेक्स -बेन्चहरु मर्मत गरिने र त्यसपछि अभिभावक , विद्यार्थीको सक्रियतामा रंगरोकन गर्न लागिएको अध्यक्ष लिङ्देनले जानकारी दिए।

वर्षौंदेखि बिग्रिएर थन्किएका डेक्स बेन्चलाई गाउँपालिकाले मर्मत गर्ने छ। प्रत्येक विद्यालयमा कक्षा ५ सम्म अभिभावक ,जनप्रतिनिधि र सरोकारवालाको सहयोगमा रंग लगाउन थालिएको छ। त्यस्तै ५ देखि माथिका कक्षामा भने विद्यार्थीको सक्रियतामा रंगरोकन गरिने अध्यक्ष लिङ्देनले जानकारी दिए।हल्दिवारीका विद्यालयमा सिसी क्यामेरा जडान , कम्प्युटर ल्यावको व्यवस्था , शिक्षकहरुको इ-हाजिरी , व्यवस्थित बालविकास कक्षाहरु , कक्षा १२ सम्म निःशुल्क शिक्षा जस्ता महत्वपूर्ण शिक्षा सुधारका कार्यक्रमहरु २०७४ सालदेखि नै संचालन हुँदै आएको छ।

# भाइरल महिला अघोरीका बारेमा सनसनीपूर्ण खुलासा

झापा। भारतको तेलंगानामा केही दिनयता एक महिला अघोरीको निकै चर्चा चलेको छ।

ती महिला नागा साधुको भिडियो सोसियल मिडियामा निकै भाइरल भइरहेको छ। ती महिला साधुले मुत्यालम्मा मन्दिरमा आत्मदाह गर्ने घोषणा गरेकी थिइन्। महिला अघोरीको सो घोषणा हेर्दाहेर्दै मानिसहरुबीच चर्चाको विषय बनिसक्यो। प्रहरी पनि एक्सनमा आयो र भारी सुरक्षाका बीच उनलाई सिद्दीपेटबाट पक्राउ गरी मन्चेरियल जिल्लाको नन्नेला मन्डलस्थित कुशनपल्ली गाउँमा पुर्याइयो।

प्रहरीले ती महिला साधुलाई पहिला उसकै घरमा नजरबन्दमा राखेको थियो। यद्यपि त्यसको बावजुद महिला अघोरी आफ्नो निर्णयप्रति अटल रहिन्। उनले आफ्नै घरमा आत्मदाह गर्ने चेतावनी दिइन्। महिला साधुको त्यस चेतावनीका कारण तेलंगाना प्रहरीलाई थप चिन्तित बनायो। आखिर प्रहरीले ती महिला अघोरीलाई महाराष्ट्रको सीमामा छोडिदियो।सोसियल मिडियामा ट्रेन्ड गरिरहेकी ती महिला अघोरीको विषयमा सनसनीपूर्ण कुराहरु बाहिर आएका छन्। ती अघोरी को हुन्? उनका माता-पिता को हुन्? यसैबीच केही यूट्यूवर्स मन्चेरियल जिल्लाको कुशनपल्लीस्थित ती अघोरीको पैतृक स्थानमा पुगेका थिए। त्यहाँ पुगेर थाहा भयो कि ती अघोरी महिला होइनन्। गाउँले र परिवारले बताए अनुसार उनी तेस्रोलिङ्गी बनेका हुन्। ती अघोरीको वास्तविक नाम श्रीनिवास हो। श्रीनिवासले कक्षा ६ मा पढ्दै गर्दा कम उमेरमै घर छोडेका थिए। करीब १५ वर्षपछि उनी अघोरी बनेर आफ्नो गाउँ फर्किएका थिए। गाउँ पुगेर आफ्ना माता-पिताबाट आशीर्वाद लिएका थिए। यद्यपि श्रीनिवासका माता-पिताका अनुसार अघोरी बनेपछि उनीहरुले कहिल्यै पनि आफ्ना छोरासंग कुराकानी गरेका छैनन्।

## राधिका...

सिकाइको प्रभाव हुँदो रहेछ। डा. पोखरेल आफू खाए सबै अघाए आफूले पाए सबैले पाए भन्ने स्वभाव पटक्क रहेन। र पार्टीलाई बचाउने हो भने पार्टी धर्मशाला कुनै हालतमा बन्नु हुँदैन भन्ने मान्छे हुनुहुन्छ। उहाँको यो स्वभाव मलाई मात्र होइन, परिवारका सबलाई मन परेको छ। हामीले कुनै दवाव र प्रभाव नपारीकन हाम्रा पुत्र वरिष्ठ इन्जिनियर इटहरी नगर समितिमा क्रियाशील छन्। आफू केन्द्रीय सदस्य र सभासद् नभए पनि कोहीभन्दा कम छैन। अझ लेख्ने मान्छे लामो समय जीवित रहन्छ तर पदमा मात्र रहेर सिर्जनात्मक काम केही नगर्नेहरु केही दिन मात्रका हुन्। यो मलाई थाहा छ। जनताका बीचमा राम्रो र असल इमान्दार छवि बनाएकाहरुले मात्र पार्टीको प्रभाव बिस्तार गर्छन्। बेहोरा नभएका कार्यकर्ता र नेता माननीय, मन्त्री र मुख्यमन्त्री नै भए पनि पार्टी प्रभाव कुनै हालतमा बढ्दैन बरु घट्छ। जुन जुन ठूला पदमा पुगेका भए पनि माकुने र बामदेव लगायतबाट पार्टी प्रभाव कत्ति पनि बढ्दैन। राधिका शाक्य लामो समय राजनीतिक माहौलमा हुर्किनु भयो र पार्टीको संगठित सदस्य हुनुहुन्छ। उहाँले विशेषतः कम्युनिस्ट आन्दोलनका संङ्कटपूर्ण घडीहरु देखे भोगेको किताब पढ्दा थाहा हुन्छ। जसले ओलीलाई खेदिरहे, लखेटिरहे र मरोस् भनेर सरापिरहे तर विधि र पद्धतिविपरीत माकुनेलाई झ्यालबाट महासचिवबाट हटाउन खोज्दा त्यसका विरुद्धमा ओली ठिङ्ग उभिनुभयो।

ओली अपमानका बिष पिएर भए पनि पार्टी बचाउन ज्यान दिएर लागिपरेको देखिन्छ। माकुने,बामदेव,झलनाथ र प्रचण्ड लगायत ओलीविरुद्ध ज्यान फालेर लागिरहे। अहिले पनि लागिरहेका छन्। दसौं महाधिवेशनताका इटहरीमा भएको माकुनेको कार्यक्रममा ओली आखिरी अवस्थामा रहेको भन्दै खुसी व्यक्त गरियो। यो कुरा थाहा पाएर जगन्नाथ खतिवडालाई टेलिफोनमार्फत् डा. पोखरेलले सातो बोलाउनु भयो। सत्य र साँचो र सही कुरा एउटाले पनि नबोल्नु ठूलो अपराध अरे। अचम्म त के छ भने पार्टी र ओलीका पक्षमा लेख, टिप्पणी र रचना लेख्ने एमालेमा लेखक विश्लेषक चिन्तक छैनन्, पत्रकार र टिप्पणीकार छैनन् जस्तै देखिन्छ। भए यो दशा हुन्थ्यो? बजारमा स्याल हुइयाँ चलिरहेको छ, एमाले चुपचाप छ। भर्खरै सकिएको एमाले केन्द्रीय समितिको बैठकमा ६ जनाले भीम रावललाई किन कार्बाही भन्ने खालको कुरा गरेको सुन्दा मलाई नै लाज र सरम लाग्यो। के धन्धुकारी सन्तानलाई सधैँ घिउ र भात ख्वाएर पालिन्छ? बिन्दा पाण्डेले विराटनगरमा बोलेको बतासे बात पनि थाहा भयो। विराटनगरका एमाले र ओलीविरुद्ध सदाबहार जेहाद छेड्ने प्रा.पोखरेल बिन्दाका प्रशंसक रहेको कुरा थाहा भयो। अर्की केन्द्रीय सदस्य उषाकिरण तिम्सिना पनि पार्टीमा लाग्नु व्यक्तिगत सबै स्वतन्त्रता बन्धक बनाउनु होइन भन्दै थिइन्। मनलाग्दो र मनपरी गर्न कहाँ पाइन्छ हौ? मैले कसैको नजिक हुन र बक्सिस पाउन यो लेखेकी होइन। राधिका शाक्यले ओली कमरेडका एकाध जिद्दीपनाबारे उल्लेख गर्नु भएको रहेछ। सामान्य रुपमा यसलाई सामान्य नै मान्नु पर्छ तर यसको मात्रा बढ्दा चाहिँ समस्या हुन्छ। जननेता मदन भण्डारीमा पनि प्रथम राष्ट्रपति विद्या भण्डारीले मदनलाई पोखरा जाँदा अर्को एक ड्राइबर लाँदा हुन्थ्यो भनेर जोड गर्दा भण्डारीले पटक्कै मान्नु भएन वा जिद्दी गर्नु भयो। देश र दुनियाँको भलो गर्ने मान्छे असमयमा बित्नु हुन्न। यसमा स्वयं नेताले आफूमाथि खेलाँची गर्नुहुन्न। किनकि बिग्रिन धेरै चाहिन्न।

# श्रीमतीको हतियार प्रहारबाट श्रीमान घाइते

झापा(प्रस)। झापाको मेचीनगरमा घरायसी विवादका कारण श्रीमतीले धारिलो हतियार प्रहार गरी श्रीमानलाई घाइते बनाएकी छन्।

बिहीवार साँझ ७:२५ बजे अर्जुनधारा नगरपालिका वडा न.२ खुदुनावारी घर भई हाल मेचीनगर नगरपालिका वडा न. ६ जेसिका ठ्याकस्थित हरि श्रेष्ठको घरमा डेरा गरी बस्ने ३१ वर्षीय अमर लिम्बूलाई उनकी श्रीमती २८ वर्षीया सुमित्रा खत्री (लिम्बू) ले घरायसी विवादका कारण धारिलो हतियार प्रहार गरेकी हुन्। टाउको र हातमा हतियार प्रहारबाट घाइते भएका अमरलाई उपचारको लागि आम्दा अस्पताल धुलावारी पठाइएको छ।

घाइतेको अवस्था मध्यम रहेको र धारिलो हतियार प्रहार गर्ने उनकी श्रीमती सुमित्रालाई इलाका प्रहरी कार्यालय काँकरभिट्टाले नियन्त्रणमा लिएको छ।




## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार दक्षिणः श्री रोजिना प्रधानको नाममा जारी गरिएको।

साविक गरामनी गाविस वडा नं. ७ हाल बिर्तामोड नगरपालिका, वडा नं. ९ बस्ने श्री दिपक प्रसाईले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला। म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ९ | १८०० २८० | ६३४ | २६६.०० | २०८१/०८ /०७ | २०८१/०८ /०७ | २०८१/०८/२७ |

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला, भद्रपुर नगरपालिका वार्ड नं.-७ मा बस्ने श्री जगत बहादुर पराजुलीका छोरा,श्री विन्दा काफ्लेका पति,श्री केदार प्रसाद पराजुलीको मिति वि.सं.२०८१/०९/०६ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय चारआलीमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती विन्दा काफ्लेले मिति वि.सं.२०८१/०९/२८मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदकबाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरासमेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

## हल्दिबारी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
जलथल, झापा कोशी प्रदेश, नेपाल

## किसान सूचीकरण सहजकर्ता (गणक) पदमा पुनः आवेदन पेश गर्ने सम्बन्धी सूचना

**सूचना नं. ०३/०८१/०८२** **सूचना प्रकाशित मिति: २०८१/१०/०३**

यस कार्यालयको कृषि विकास शाखातर्फ चालू आ.व. ०८१/०८२ मा सशर्त अनुदान अन्तर्गत किसान सूचीकरण कार्यक्रम सञ्चालन गर्नका लागि किसान सूचीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम खाद्य अधिकार तथा सम्प्रभुता सम्बन्धी ऐन २०७५ को दफा १४ को उपदफा १ कार्यान्वनयका लागि किसान पहिचान गरी सरकारी तवरबाट किसानलाई उपलब्ध गराइने सेवासुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा किसानहरुको आवश्यक विवरणहरु विद्युतीय प्रणाली (software system) मार्फत संकलन गरी किसान परिवारको वैयक्तिक विवरण तथा कृषि तथ्यांक संकलन प्रविष्ट गर्न वडा नं. १ र २ मा सहजकर्ता छनौट गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता पुगेका व्यक्तिहरुले आवश्यक विवरणसहित यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र आवेदन पेश गर्न सूचना प्रकाशित भएकोमा पर्याप्त आवेदन दर्ता नभएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र (२०८१/१०/०९ गतेसम्म)मा यस कार्यालयको कृषि विकास शाखामा पुनः आवेदन पेश गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. **पद** : सहजकर्ता (गणक)
२. **आवश्यक पद संख्या** : ६ जना
३. **आवश्यक शैक्षिक योग्यता** : न्यूनतम् १२ कक्षा उत्तीर्ण गरेको। कृषि वा भेटेरीनरी विषयमा TSLC/Isc/Ag उत्तीर्ण गरेकोलाई पहिलो प्राथमिकता दिइनेछ। साथै Software मा Data Entry गर्न Android or Smart phone or Laptop आफैंले व्यवस्था गर्नुपर्नेछ।

**आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु**
- निर्दिष्ट ढाँचाको निवेदन
- नेपाली नागरिकताको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- आधारभूत कम्प्युटर तालिम प्राप्त गरेको प्रमाणपत्र प्रतिलिपि
- सम्बन्धित वडाको बासिन्दा हो भनी वडा कार्यालयबाट प्रमाणित सिफारिस पत्र
- कार्यानुभव भए सो को प्रमाणपत्रको प्रतिलिपि

४. **छनौटको किसिम** : कम्प्युटर सिप परीक्षण र अन्तरवार्ता
५. **गणकहरुको सेवा सुविधा** : प्रति घरधुरी किसान सूचीकरण गरे वापत रु. १२५।- र सञ्चार खर्च वापत एकमुष्ट रु. १०००।- उपलब्ध गराइनेछ।
६. **गणकहरुको सेवा अवधि** : आ.व. २०८१/०८२ को असार मसान्तसम्म।

किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ र खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेभसाइट www.moald.gov.np मा हेर्न सकिने छ।

**थप जानकारीका लागि कृषि विकास शाखामा सम्पर्क गर्न सक्नुहुनेछ। सम्पर्क नं. ९८०८४९९१७२**

**बोधार्थ**
श्री सूचना तथा प्रविधि शाखा- वेभसाइटमा अपलोट गर्नुहुन।

**मानबहादुर वन (महेन्द्र) : प्रमुख प्रशासकीय अधिकृत**

## कनकाई घाट संस्थाको साधारण सभा तथा अधिवेशन सम्बन्धी सूचना !

कनकाई घाट संस्थाको छैठौं अधिवेशन तथा दशौं साधारण सभा २०८१ माघ ५ गते शनिवार दिनको ११ बजे कनकाई- ४ स्थित कडरिया, भेटवाल बन्धु भवन कोटिहवनमा गरिने भएको हुँदा संस्थाका संस्थापक सदस्य, आजीवन सदस्य ,विशिष्ट सदस्य, संरक्षक सदस्य एवं विशिष्ट संरक्षक सदस्यमा जानकारीका साथै साधारण सभामा उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं।

**कार्यक्रम**
- **सभामा अध्यक्षको प्रतिवेदन पेस**
- **सचिवको प्रतिवेदन पेस**
- **२०८०/०८१ को आयव्यय सार्वजनिक**
- **कोषाध्यक्षबाट लेखा समितिको प्रतिवेदन पेस**
- **नयाँ कार्यसमिति चयन**

**कार्यक्रमको प्रमुख अतिथि कोशी प्रदेशका खानेपानी , सिंचाई तथा ऊर्जामन्त्री माननीय एकराज कार्कीज्यू**

**वेदप्रकाश अग्रवाल**
**अध्यक्ष**

**गोपाल खरेल**
**सूचना अधिकारी**

## झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टाघनडुब्बा, झापा, कोशी प्रदेश, नेपाल

प्रकाशित मिति-२०८१/१०/०३

## साइकल वितरण सम्बन्धमा

प्रस्तुत विषयमा झापा गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१-०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार शैक्षिक सत्र २०८१ मा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुलाई साइकल वितरण कार्यक्रम तपसिल अनुसार हुने भएकाले सम्बन्धित विद्यार्थीहरु (शैक्षिक सत्र २०८१ म कक्षा ९ मा अध्ययन गरिरहेका तर सोही वर्षमा कक्षा नदोहोरिएका), निजका अभिभावकहरु र विद्यालय व्यवस्थापन समितिका सम्पूर्ण पदाधिकारीहरु समेतलाई उपस्थितिका लागि अनुरोधसहित माथि उल्लेख भए बमोजिमका विद्यार्थीहरुको नामावली विवरण मिति २०८१ /१०/०९ गते बुधवारसम्ममा तयार गरी सो को हार्डकपी तथा सफ्टकपी शिक्षा शाखामा बुझाउनुहुन यसै सूचनामार्फत सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

तपसिलः
मितिः२०८१/१०/११ गते शुक्रवार
स्थानः झापा गाउँपालिकाको कार्यालय
समयः बिहान १०:३० बजेदेखि

**गजेन्द्र थपलिया**
**प्रमुख प्रशासकीय अधिकृत**



सम्पादकीय

# गरिबको सही पहिचान होस्

झापाको बिर्तामोड नगरपालिकाभरि ८२५ जना मात्र गरिब भएको तथ्यांक सार्वजनिक भएको छ। दुई वर्षअघि बिर्तामोड नगरपालिकाले गरेको सर्वे अनुसार नगरभरि अति गरिब १८६,मध्यम गरिब ३१७ र सामान्य गरिब ३२२ जना गरी जम्मा ८२५ जना गरिव रहेको प्रारम्भिक सूची सार्वजनिक गरिएको हो। त्यस सूचीप्रति अधिकांशले आपत्ति जनाएका छन् । किनकि सो सूची सहीरुपमा निकालिएको छैन।

सरकारले पछिल्लो एक दशकमा ६४ जिल्लाका आठ लाख ८६ हजार गरिब परिवार पहिचान गरिएको बताइरहँदा विज्ञ र महालेखापरीक्षकको कार्यालयले समेत कम्तीमा डेढ अर्ब रुपैयाँभन्दा बढी खर्च गरिएको उक्त कार्यक्रम विफल हुन सक्ने चेतावनी दिएका छन्। गरिब परिवारलाई पहिचान गर्ने तथा परिचयपत्र वितरण गर्ने अनि गरिबीको रेखामुनि रहेका नागरिकका घरपरिवारलाई लक्षित गरी सामाजिक संरक्षणको प्रयास गर्ने उद्देश्यले २०६९ सालबाट गरिब पहिचान कार्यक्रम अघि बढाइएको थियो।

मन्त्रिपरिषद्को बैठकले १५ जिल्लाका २ लाख ७१ हजार ६४० गरिब परिवारको अन्तिम सूची स्वीकृत गर्ने निर्णय गरेको थियो।

उक्त निर्णयसँगै ६४ जिल्लामा गरिबहरूको पहिचान सम्पन्न भएको र बाँकी जिल्लाहरूको तथ्याक्त सक्तलन र प्रशोधनको काम भइरहेको भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अधिकारीहरूले बताएका छन्।

गरिबहरूलाई तीनवटा समूहमा वर्गीकरण गरिएको छ

गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका २०७५ अनुसार घरपरिवारको आम्दानी, जग्गाजमिनसहित विभिन्न नौ वटा सूचकका आधारमा विपन्न परिवारको वर्गीकरण गरिएको छ।

विसं २०६९ सालमा गठन भएको गरिब घरपरिवार समन्वय बोर्डमार्फत् सुरुमा २६ जिल्लामा गरिब घरपरिवार पहिचानको काम गरिएको थियो।

भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार उक्त बोर्डमार्फत् एक लाख ८२ हजार अति गरिब, एक लाख १९ हजार मध्यम गरिब र ८३ हजार सामान्य गरिब पहिचान भएका थिए।

त्यसपछि उक्त बोर्ड खारेज गरियो र मन्त्रालय आफैँले जिल्लाहरूबाट तथ्याक्त सक्तलन गरेको थियो।

विभिन्न २३ जिल्लाबाट सक्तलन गरिएको विवरणबाट ८५ हजार अति गरिब, साढे ७८ हजार मध्यम गरिब र साढे ५९ हजार सामान्य गरिब रहेको निष्कर्ष निकालिएको थियो।मन्त्रिपरिषद्ले स्वीकृत गरेको २,७१,६४० परिवारको सूचीमा १,२६, ६१३ अति गरिब, ८५,५२७ मध्यम गरिब र ५९,५०० सामान्य गरिब पहिचान गरिएका छन्।

ती ६४ वटा जिल्लामा कुल ३४ लाख ४५ हजारभन्दा बढी परिवारबाट तथ्याक्त सक्तलन गर्दा आठ लाख ८६ हजारभन्दा बढी गरिब र २५ लाख ५९ हजार गैरगरिब परिवार रहेको पाइएको अधिकारीहरू बताउँछन्। यसरी गरिबको परिचयपत्र दुरुपयोग नहोस् । गरिबको सही पहिचान होस् ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
• लीलाराज दाहाल

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# शान्तिको अगुवा बन्ने अवसर



• डा. शोभाकर पराजुली

करिब ४८ हजार मानिसको ज्यान गएपछि अनि कैयौँ भौतिक क्षति बेहोरिसकेपछि इजरायल र प्यालेस्टिनी विद्रोही समूह हमासबिच युद्धबिराम हुने लगभग तय भएको छ। युद्धका लगभग १५ महिनामा हमास नियन्त्रित गाजा तथा प्यालेस्टाइन र इजरायलले ठुलो जनधनको क्षति बेहोरेका छन् । ढिलै भए पनि युद्धविरामको यो सङ्केतले यी दुई देश मात्रै होइन नेपाललगायत सारा विश्वलाई नै शान्तिको आशा जगाएको छ ।

रुस र युक्रेनबिचको युद्ध त अझै जारी छ । दुई देशबिचको लडाइँमा रुस-युक्रेनपछि विश्वका शक्तिशाली अनि नेपाल जस्ता धेरै गरिब राष्ट्रले ठुलो मूल्य चुकाउनु परेको अर्को युद्ध इजरायल हमास युद्ध पनि हो । तीन वर्षअघि सुरु भएको रुस-युक्रेन युद्धले त सारा विश्वलाई नै दुई ध्रुवमा बाँडिदियो । नेपाल जस्ता 'असंलग्न राष्ट्र' ले पनि कुनै राष्ट्रको पक्षमा बोल्नुपर्ने अवस्था आयो । यी युद्धले मात्रै दुई देशका नागरिक अनि त्यो मात्रै भूमिलाई छोएको छैन, संसारको ध्यान खिचेको छ ।

यी दुवै युद्धमा नेपाल र नेपाली पनि गाँसिएका छन् । इजरायलमा पढ्दै र सिक्दै परियोजनामा सहभागी भएका कम्तीमा एक दर्जन नेपालीको मृत्यु भएको छ । हमास र इजरेली सैनिक दुवैको निशानामा नेपाली नागरिक पनि सिकार बने । हमासले बन्धक बनाएका कैयौँ विदेशी नागरिकमध्ये अहिले पनि नेपाली युवा विपिन जोशीको अवस्थाबारे अज्ञात छ । हालै मात्र परराष्ट्रमन्त्री डा. आरजु राणाले कतारका विदेश राज्यमन्त्रीसँग विपिनको रिहाइका लागि पहल गरिदिन आग्रह गर्नुभएको छ । योबाहेक यसअघिका अरू कूटनीतिक पहलमा नेपाल सफल हुन सकेको थिएन । आशा गरौँ, यसपालि युद्धविरामसँगै विपिन सकुशल घर फर्किने छन् । युद्धविरामका लागि दुवै राष्ट्रले केही सर्त पालना गर्नुपर्ने छ । त्यसमध्ये एक हो बन्धकको रिहाइ । यद्यपि हमासले रिहाइ गर्नेहरूको सूचीमा विपिनको नाम नभएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन् । तथापि हामीले आशा र भरोसा गर्नुबाहेक अहिले अर्को विकल्प छैन । किनकि नेपालको कूटनीतिक पहल त्यो स्तरसम्म पहुँच राख्दैन वा सकिएको छैन ।

रुस-युक्रेनको लडाइँमा त झन् सयौँ नेपाली प्रत्यक्ष नै जोडिए । दुवै देशले देखाएका प्रलोभनका कारण कैयौँ युवा रुस तथा युक्रेनको पक्षमा भिडे । दुवै देशको सैन्य मिसनमा भर्ना भएर नेपाली युवा नै एकअर्काका लागि आफ्नैसँग लड्न पुगे । रुसले त नेपालीलगायत धेरै विदेशी युवालाई आफ्नो सेनामा भर्ती हुनका लागि त्यहाँको नागरिकता नै दिने जस्ता लोभ देखायो । त्यसको प्रलोभनमा परेर दलाललाई चर्को रकम बुझाएर रुसी सेनामा भर्ती हुन पनि नेपाली युवा पुगे । त्यही क्रममा दर्जनौँ नेपाली युवाको मृत्यु भएको छ । जसको शवसमेत अहिलेसम्म आफन्तले पाउन सकेका छैनन् । कैयौँ युवा घाइते भएका छन् । उनीहरूको अवस्थाबारे न परिवार जानकार छ न त राज्यका निकाय नै । त्यहाँ कति नेपाली लडिरहेका छन् भन्ने यकिनसमेत अहिलेसम्म छैन । अन्तर्राष्ट्रिय सञ्चार माध्यमले त्यहाँको सैनिकमा भर्ती हुन जाने नेपालीको सम्झौता सकिएको र अब उनीहरू त्यहीँ अलपत्र परेको समाचार प्रकाशित गरेका छन् । यद्यपि नेपाली कूटनीतिक नियकाले त्यसबारे यकिन विवरण सङ्कलन गरेका छैनन् ।

यति मात्रै होइन यी युद्धका कारण विश्व आपूर्ति चक्र नै अवरुद्ध भयो । कोरोना महामारीसँगै थलिएको विश्व अर्थतन्त्र तंग्रिने बेलैमा रुस र युक्रेनबिचको युद्ध चर्किएको थियो । त्यो वैश्विक सङ्क्रमणकालीन अवस्थामा सुरु भएको युद्धका कारण पूरै संसार नै अस्तव्यस्त हुन पुग्यो । त्यसको मुख्य कारण थियो आपूर्ति चक्र खलबलिनु । दुई देशको युद्धका कारण कैयौँ शक्ति राष्ट्रले उनीहरूमाथि नानाथरिका प्रतिबन्ध लगाउन पुगे । फलस्वरूप विश्व बजार नै प्रभावित हुन पुग्यो । इन्धनको प्रमुख निर्यातकर्ताका रूपमा रहेका दुवै देश युद्धमा होमिएका कारण विश्वभरि नै इन्धनको मूल्यमा ठुलो घटबढ भयो । त्यसको प्रत्यक्ष/परोक्ष असर नेपाल जस्ता देशमा पनि पर्‍यो । नेपाल जस्तो सानो अनि आयातमुखी अर्थतन्त्र भएको देशमा संसारभरि जहाँसुकै हुने सानो छेकबारले पनि असर पर्छ । दैनिक प्रयोजनका वस्तुसमेत आयतमै निर्भर भएका कारण नेपाली बजारमा पनि त्यसको असर नपर्ने कुरै भएन । जसका कारण बजार र त्यसमै आधारित अर्थतन्त्र खलबलिन पुग्छ । तरलता अभावले पैसाको परिचालन नहुने वा कहिले भएको पैसाले पनि नपुग्ने गरी बजार उछालिनुका पछाडि केही घरेलु कारण हुन सक्छन् तर अधिकांश त वैश्विक कारण हुन् । किनकि नेपालको ८० प्रतिशतभन्दा बजार वैश्विक व्यापारको आपूर्ति क्रमा निर्भर छ । विश्वको एउटा कुनै छेउको अवरोधले पनि नेपाली बजारमा कहीँ न कतै छोइरहेकै हुन्छ ।

हुन त नेपाल एक असंलग्न राष्ट्र हो । अर्थात् विश्वका कुनै पनि देशबिच भएका लडाइँमा नेपाल तटस्थ रहनु पर्छ । दोस्रो विश्वयुद्धपछि उदय भएका दुई महाशक्तिमा ध्रुवीकृत विश्वका केही कुनामा रहेका नेपाल-भारत जस्ता राष्ट्रले थालनी गरेको असंलग्न अभियानको मर्म अनुसार हामीले हरेक सार्वभौम राष्ट्रको बराबरी सम्मान गर्न पर्छ र कसैको पक्ष वा विपक्षमा उभिनु हुँदैन भन्ने हो । त्यसकै मर्म अनुसार हामीले अपनाएको पञ्चशील सिद्धान्तको विदेश नीति अहिले पनि कायम छ । त्यो भनेको अहस्तक्षेप, अनाक्रमण, शान्तिपूर्ण सहअस्तित्व, एकअर्काको स्वतन्त्रता, सार्वभौमिकता र अखण्डताप्रति सम्मान गर्नु र आर्थिक तथा सामाजिक, सांस्कृतिक सहयोगको आदानप्रदान गर्नु हो । नेपालको यही नीतिका कारण विश्वमा अहिले चर्किरहेका कुनै पनि युद्धका विषयमा नेपालले आधिकारिक वा औपचारिक धारणा दिएको छैन, त्यसो गर्न पनि मिल्दैन । युद्धमा आफैँ र आफ्ना नागरिकसमेत पिल्सिन थालेपछि कसैको पक्ष वा विपक्षमा नउभिए पनि कूटनीतिक पहल भने हुनु पर्छ ।

हजारौँ मानिसको ज्यान लिएको र कैयौँ धनसम्पत्तिको क्षति गराएको हमास-इजरायल युद्ध रोक्नका लागि अहिले कतार अघि सरेको छ । युद्धरत दुई पक्षलाई एकै ठाउँमा राखेर अहिले कतारले युद्धविरामका लागि मध्यस्थता गरिरहेको छ । यसको अर्थ कतारले आफ्नो कुनै शक्ति प्रदर्शन गरेको होइन मध्यस्थताको एउटा अगुवाइ मात्रै कतारले गरेको हो । अहिलेसम्म कुनै पनि राष्ट्रको पक्षमा खुलेर नदेखिएको कतारले आखिर दुई शक्तिलाई एउटा सम्झौतामा ल्याउने कोसिस गरेको छ । यो लडाइँबाट सारा विश्व त पिरोलिएको थियो नै खाडी क्षेत्रका राष्ट्र पनि एकअर्कामा विभाजित थिए । त्यसको मार कतारले पनि खेपिरहेको थियो । त्यसैले उसले यो युद्धविराम चाहन्थ्यो र १५ महिनापछि उसले एउटा सफलता पाउँदै छ ।

विभिन्न राजनीतिक उथलपुथल र अशान्तिको साक्षी बनेको नेपालले पनि कुनै बेला आन्तरिक युद्ध बेहोर्नु परेको थियो । राज्य र विद्रोही माओवादीको १० वर्षसम्मको युद्धका कारण नेपालले कैयौँ पुस्ताका लागि गर्नुपर्ने विकास गुमाउनु पर्‍यो । ती १० वर्षको क्षति आगामी कैयौँ पुस्तासम्म पनि परिपूर्ति हुन सक्दैनन् सायद । यहाँका राजनीतिक दलले त्यसको सही र सफल अवतरण गराए त्यो पनि आफ्नै मौलिक तरिकाले । कुनै बेला छिमेकी देश लडाइँमा होमिएका बेला अनि कुनै आपतविपत्मा पर्दा नेपालले पनि त्यसमा सहजीकरण गर्दै आएको छ । आज रुस-युक्रेन, हमास-इजरायल, प्यालेस्टाइन, इरान वा इराक मात्रै होइन, दक्षिण एसिया आफैँमा शान्त छैन । पूर्वी एसिया त्यत्तिकै तनावपूर्ण अवस्थामा छ । छिमेकी भारत-पाकिस्तानको इगोका बिच पूरै एसिया पिरोलिएको छ । चीन अनि उसका वरिपरिका राष्ट्रबिच उस्तै तनाव छ । अमेरिका नजोडिएका विवाद अनि युद्ध बिरलै होलान् । दुई कोरियाको विवादले विश्व नै सशङ्कित छ । मध्य युरोप वर्षौंदेखि अशान्त अनि खलबलिन पुगेको छ । यसरी हेर्दा विश्वका कुनै पनि कुना शान्त छैनन् । कतै युद्ध अनि कतै मानवीय र राजनीतिक सङ्कटले साराका सारा देश जेलिइरहेका छन् ।

यो अशान्त विश्वलाई लयमा फर्काउन अब नेपालले विश्व शान्तिका लागि कूटनीति अर्थात् 'डिप्लोमेसी फर पिस' अवलम्बन गर्नुपर्ने जरुरी छ । त्यसले सारा विश्वलाई शान्तिको मार्गमा डोर्‍याउन मद्दत गर्न सक्छ । बुद्ध जन्माएर आफैँमा शान्तिभूमि कहलिएको नेपालले आज चारैतिरबाट अशान्त भइरहेको विश्वलाई शान्तिको यही बाटोमा ल्याउन अगुवाइ गर्ने हिम्मत देखाउन जरुरी छ । यसबाट नेपाल राष्ट्रको सार्वभौम परिचय विश्वमाझ थप उचाइमा पुग्ने मात्रै होइन विश्व शान्तिको अगुवा राष्ट्रका रूपमा नेपालले विश्व इतिहासमा नाम लेखाउने मौका पनि पाउने छ ।

# नीतिगत निर्णयमा अख्तियार



• शंकरप्रसाद भेटवाल

लोकतान्त्रिक शासन व्यवस्थालाई आत्मसात् गरेका मुलुकमा शक्ति पृथकीकरणको अहम् भूमिका हुन्छ । राज्यका तीन अङ्ग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाभित्र एकले अर्कोलाई नियन्त्रण गर्ने र सन्तुलित राख्ने व्यवस्था संविधानमै हुन्छ । यस्तो व्यवस्थाले तिनै अङ्गलाई स्वेच्छाचारी हुनबाट रोक्छ र सुशासन अभिवृद्धि गर्न टेवा पुर्‍याउँछ । हामीकहाँ व्यवस्थापिकाले विधि निर्माण गर्छ । कार्यपालिकाले यसको कार्यान्वयन गर्छ र विधि अनुरूपको कार्य भए नभएको व्याख्या गर्ने कार्य न्यायपालिकाले गर्ने प्रचलन छ ।

यसरी शक्ति पृथकीकरणको सिद्धान्त अनुरूप चल्ने लोकतान्त्रिक प्रणालीमा कहिलेकाहीँ सानासाना छिद्र प्रयोग गरेर विधिलाई छल्ने कामसमेत यदाकदा हुने गर्छ भने कहिलेकाहीँ निराधार लाञ्छना पनि लाग्ने गरेको छ । स्वार्थ समूहको चाहनामा कतिपय निर्णय पनि नीतिगत निर्णय भन्दै मन्त्रीपरिषद्ले गर्ने गरेको विषयले जनमानसमा व्यापकता छायो । विभिन्न निकायले गर्ने भनी कानुनले तोकिएका कार्यसमेत सम्बन्धित निकाय निर्णयबाट पन्छिँदै मन्त्रीपरिषदमा लगेर नीतिगत निर्णय भन्दै निर्णय गराउँदा कतिपय पदाधिकारी पानीमाथिको ओभानो बन्न पुगेको चर्चा पनि व्यापक रूपमा आएको छ । यसले मन्त्रीपरिषद्को कार्यबोझ बढेको छ ।

अधिकांश मानिसको बुझाइ के छ भने मन्त्रीपरिषद्ले गर्ने नीतिगत निर्णयका कारण भ्रष्टाचारमा बढोत्तरी भएको छ । किनकि अहिलेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनले मन्त्रीपरिषद्को नीतिगत निर्णयलाई भ्रष्टाचारमा अनुसन्धान गर्न मिल्दैन । यसैलाई आधार बनाएर कतिपयले अख्तियारले ठुला माछा पक्रन सकेन साना माछा मात्र पक्रियो भनेर निराधार आरोप खेप्नु परिरहेको अवस्था पनि छ ।

नीतिगत निर्णयका कारण कतिपय भ्रष्टाचार ओझेलमा परेका छन् । अख्तियारको अनुसन्धानमा तानिन नपरोस् भनेर कैयौँ सानातिना मुद्दासमेत पनि मन्त्रीपरिषदमा निर्णय गराउने हालको प्रचलनले निर्णय दिनुपर्ने कानुनले क्षेत्राधिकार तोकिएका सम्बन्धित, मन्त्रालय/विभाग/कार्यालयको निर्णय गर्ने क्षेमता पनि दिन प्रतिदिन ह्रास हुँदै गएको छ । यी कारणले गर्दा राज्यलाई आर्थिक क्षति पुग्नुका साथै अन्तर्राष्ट्रिय स्तरमा समेत नकारात्मक प्रभाव पर्दै गएको महसुस भएको छ ।

अख्तियारले २०७५ मा नेपालमा भ्रष्टाचार र सुशासनको अवस्थाबारे गरेको सर्वेक्षणले नीतिगत तहबाट हुने भ्रष्टाचार बढिरहेको औँल्याएको थियो । उक्त अध्ययनमा सहभागी ३०.४ प्रतिशत नीतिगत भ्रष्टाचार हुने औँल्याएका थिए भने २७.२ प्रतिशतले प्रक्रियागत रूपमा गरिने निर्णयबाट भ्रष्टाचार हुने धारणा राखेका थिए । १० प्रतिशतले सानो रूपमा भ्रष्टाचार हुने गरेको र ६.९ प्रतिशतले संस्थागत रूपमा हुने भ्रष्टाचार औँल्याएका थिए । सुशासनको क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय संघ संस्थाले समेत मन्त्रीपरिषदमा कस्ता निर्णय नीतिगत हुने र कस्ता नहुने भन्ने बारेमा परिभाषित हुनुपर्ने भन्दै संसद्को ध्यानाकर्षण गराउँदै आएका छन् ।

हालै प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समिति अन्तर्गतको उपसमितिले अख्तियार ऐन संशोधन विधेयकमा नीतिगत निर्णयलाई परिभाषित गर्ने सहमति भएको सञ्चारमाध्यममा आएको छ ।

सहमति अनुसार प्रचलित कानुनबमोजिम हुनेमा बाहेक सर्वसाधारणलाई समान रूपमा लागु नहुने र सार्वजनिक रूपमा घोषणा भएको नीतिको प्रतिकूल हुने गरी खास व्यक्ति वा निजी संस्थालाई मात्र लाभ हुने गरी गरिएको निर्णयलाई नीतिगत मानिने छैन । सार्वजनिक खरिदको प्रचलित कानुनबाहेकका निर्णय पनि नीतिगत हुने छैनन् । कानुनले कुनै अन्य निकाय वा अधिकारीले निर्णय गर्ने प्रस्ट गरेको विषयमा अधिकार क्षेत्र नाघेर गरेका निर्णयलाई पनि नीतिगत नमानिने भएको छ ।

अब कतिपय बहाना बाजी बनाएर नीतिगत निर्णयको नाममा मन्त्रीपरिषद्को निर्णय भएमा अख्तियारले अनुसन्धान गर्ने अधिकार पाउने देखिन्छ । उपसमितिले सर्वसम्मत गरेको निर्णय समितिबाट पारित भने भइनसकेको अवस्था छ । सांसद हृदयराम थामीको संयोजकत्वमा गठित उपसमितिले पारित गरेको प्रतिवेदनलाई हुबहु समावेश गर्दा अख्तियार सुपर पावर बन्ने र त्यसले समानान्तर शक्तिको अभ्यास गर्न सक्ने भय शीर्ष नेतामा रहेको खबर सञ्चारमाध्यममा आएको छ ।

नेपालको संविधानको धारा ७५ मा नेपालको कार्यकारिणी अधिकार मन्त्रीपरिषदमा निहित हुने उल्लेख छ । उपसमितिको प्रतिवेदनले कतै कार्यकारी अधिकार संकुचन हुने त होइन भन्ने बहस पनि चलेको छ ।

उपसमितिको निर्णय हुबहु पारित हुनु पर्छ भन्ने अडानमा माओवादी केन्द्र उपसमितिका सदस्य रहेको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा र उपसमितिका संयोजक हृदयराम थानीका भनाइ परस्परमा बाझिएको सञ्चारमाध्यमले उजागर गरेका छन् । उपसमितिका अन्य सदस्य भने बाहिर आएको देखिएको छैन ।

अख्तियार पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले अरू भ्रष्टाचार बेठिक, नीतिगत भ्रष्टाचार ठिक भन्न कहाँ मिल्छ र ? कुनै पनि नीतिगत निर्णयले भ्रष्टाचार भएको छ भने छानबिनको दायरामा आउनु पर्छ भन्ने भनाइ सञ्चारमाध्यममार्फत सार्वजनिक भएको छ । अख्तियार तेस्रो संशोधन विधेयकमा मन्त्रीपरिषद्को निर्णयलाई अख्तियारको छानबिन क्षेत्राधिकारमा राख्नु नेपालको छनोट नभएर अन्तर्राष्ट्रिय दायित्व भएको विज्ञले बताएका छन् ।

भ्रष्टाचारविरुद्धको राष्ट्रसंघीय महासन्धिले कुनै पनि तरिकाको भ्रष्टाचारलाई दण्डनीय अपराधका रूपमा स्वीकारेको छ । सन् २००३ मा राष्ट्रसंघले जारी गरेको उक्त महासन्धिलाई सन् २०११ मा नेपालले अनुमोदन गरेको थियो ।

उपसमितिले पारित गरेको भ्रष्टाचार निवारण विधेयक भने समितिबाट पारित भएको खबर छ । भ्रष्टाचार सन्दर्भमा थाहा पाएका मितिले पाँच वर्षभित्र मुद्दा चलाउने 'ल अफ लिमिटेसन' का आधारमा सरकारले प्रस्ताव गरे पनि चौतर्फी आलोचना भएपछि सरकारले सो फिर्ता लिई जनभावनाको कदर गरेको छ । अख्तियारले अहिले प्रयोग गर्दै आएका केही अधिकारलाई पनि कानुनी रूपमा नै व्यवस्था गर्ने गरी प्रतिवेदन पारित भएको बुझिएको छ ।

विशेष अनुसन्धान विधि र नवीन प्रविधिको अवलम्बन गर्ने व्यवस्था थप गरिएको छ । नियन्त्रित अनुसन्धान विधि र (कन्ट्रोल डेलिभरी) गुप्त अनुसन्धान कारबाही (अन्डर कभरअपरेसन) अधिकार अख्तियारले पाएको छ । यस्तै अनुसन्धानमा रहेको व्यक्तिको टेलिफोन तथा अन्य सञ्चार विवरण अदालतको अनुमतिले प्राप्त हुन सक्ने व्यवस्था थपिएको छ ।

यसरी एकातिर अख्तियारलाई सशक्त बनाउन जरुरी भइसकेको छ भने अर्कोतिर मन्त्रीपरिषद्लाई अधिकारको दुरुपयोग हुनबाट बचाउन सदविवेकपूर्ण संस्थाका रूपमा विकसित गर्नुपर्ने अवस्था पनि छ । यसैले मन्त्रीपरिषद् र अख्तियारबिच नियन्त्रण र सन्तुलनको विन्दु खोजी गरी मध्यम मार्ग अपनाउन उपयुक्त हुने केही विज्ञको दृष्टिकोण पाइन्छ । त्यसैले उपसमितिले हाल गरेको नीतिगत निर्णयको परिभाषालाई परिमार्जन गरी अख्तियार अझै बलियो हुने र मन्त्रीपरिषद्को कार्यकारिणी अधिकारको पनि सङ्कुचन नहुने गरी व्यवस्थापन गर्न अत्यावश्यक छ ।

# अतिरुद्र महायज्ञः आध्यात्मिक, सामाजिक र पर्यावरणीय सन्देश

• **केशव भट्टराई**

सामूहिक कल्याणका लागि विस्तारित र विधिसम्मत महायज्ञको रुपमा व्याख्या गरिएको शिव आराधनाको सर्वोच्च विधि "अतिरुद्र महायज्ञ" यसबेला साधुटारमा सञ्चालन भइरहेको छ ।

श्री रुद्रमको जपलाई सामूहिक रूपमा निष्ठापूर्वक र विस्तारित विधिद्वारा सम्पन्न गरिने यज्ञ नै अतिरुद्र महायज्ञ हो।

शिव आराधनाको सर्वोच्च स्वरूपमा एक विशेष वैदिक विधिपूर्वक आयोजना गरिने यो दुर्लभ यज्ञ अर्जुनधारा नगरपालिका १ स्थित साधुटारमा सञ्चालन हुँदै गर्दा सिङ्गो समाजलाई बहुआयामिक सन्देश प्रवाह भइरहेको छ ।

अतिरुद्र महायज्ञको महत्वमा महर्षिहरूको भनाईः

"अतिरुद्र महायज्ञले मानिसको पापहरू नाश गर्दछ र मोक्ष प्राप्त गर्न मार्गनिर्देश गर्दछ। यसले समाजमा शान्ति सुख र समृद्धि ल्याउँछ"- महर्षि वेदव्यास ।

शिव महापुराणमा यो यज्ञले ईश्वरीय कृपा प्राप्ति हुने र सांसारिक कष्टहरू समाप्त हुने उल्लेख छ।

"अतिरुद्र महायज्ञ ध्यान तपस्या र ज्ञानको शुद्धतम् रूप हो। यसले चेतना शुद्ध गर्दछ र शिव साक्षात्कारका लागि मार्ग प्रशस्त गर्दछ "- महर्षि पतञ्जलि ।

महर्षि याज्ञवल्क्यलाई उद्धृत गर्दा "श्री रुद्रमको जप वा श्रमणले मानिसको समस्त दुःखहरूको अन्त्य हुन्छ। अतिरुद्र महायज्ञ भनेको सामूहिक र विधानसम्मत गरिने श्री रुद्रम जपको उच्चतम् अनुष्ठान हो।"

"यस यज्ञले प्राकृतिक विपदलाई रोक्न मद्दत गर्दछ। जहाँ अतिरुद्र महायज्ञ हुन्छ त्यहाँ देवता ऋषि र सम्पूर्ण ब्रह्माण्डको ऊर्जा सन्तुलित हुन जान्छ।"

वैदिक महत्वः

सनातनी संस्कृति र सभ्यताभित्र यजुर्वेदमा रुद्रपाठलाई विशिष्ट स्थान प्रदान गरिएको छ। अतिरुद्र महायज्ञको प्रधान उद्देश्य पनि शिवको




अनुकम्पा प्राप्त गरी समाजमा शान्ति कायम गर्नु हो।

यसैगरी शिव महापुराणमा जसले अतिरुद्र महायज्ञमा भाग लिन्छ, उसले आफ्नो सात पुस्ताको उद्धार गर्न सक्ने सामर्थ्य प्राप्ति गर्ने छ भनिएको छ।

यसैगरी स्कन्द पुराणमा पनि भनिएको छ -

"अतिरुद्र महायज्ञले सिङ्गो समुदाय र समाजलाई समुन्नत बनाउन बल प्रदान गर्दछ नकि व्यक्तिगत जीवनलाई मात्र ।"

तसर्थ पूर्वीय दर्शन, ग्रन्थ र ऋषि महर्षिले उल्लेख गरेका उक्तिहरूलाई अध्ययन गर्दा अतिरुद्र महायज्ञ एकाध स्थानमा सञ्चालन हुने दुर्लभ आध्यात्मिक वृहत अनुष्ठान हो । जसले व्यक्ति र समाजलाई आध्यात्मिक मानसिक र शारीरिक रुपमा लाभ पुर्याउँदछ। यसले शिव कृपा प्राप्त गर्न र "सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः सर्वे भद्राणि पश्यन्तु मा कश्चित् दुःखभाग्भवेत् "को भावलाई आत्मसात् गरी संसारको शान्ति कायम राख्न अहम् भूमिका निर्वाह गर्दछ।

सामाजिक जीवनमा महायज्ञको प्रत्यक्ष प्रभावः

अतिरुद्र महायागको वैदिक आध्यात्मिक र पौराणिक महत्व त छँदैछ , यस्ता अनुष्ठानहरूले वर्तमानको सामाजिक संरचनामा पनि गहिरो सन्देश प्रवाह गरिरहेका छन् ।

यस प्रकारका दिव्य अनुष्ठानहरूले धार्मिक आस्थामा मात्रै सीमित नभई मानवता ,सामूहिक चेतना र समाज सुधारको पनि मार्गनिर्देश गरिरहेका हुन्छन्। यी मार्गनिर्देशनलाई तपाईं हामीले फरक-फरक आयामबाट ग्रहण गर्न सक्नुपर्दछ। यस्ता विशिष्ट यज्ञहरू व्यक्ति एक्लैले गर्नै सक्दैन। यसमा अधिकतम् मानिस , संघ- संस्था ,जाति, समुदाय र सरोकारवाला पक्ष सबैको साथ र सहयोग अपरिहार्य छ। सबै पक्ष एकजुट हुँदा सामूहिक एकता र समर्पणको भावना अभिवृद्धि गर्न सकिन्छ भन्ने गतिलो उदाहरण पनि यस यज्ञले प्रदान गर्दछ।

साथै एकतामा बल छ भन्ने मर्म प्रकट गर्दै व्यक्तिगत स्वार्थ र मतभेद त्यागेर समाजको साझा उद्देश्य प्राप्तिका लागि सहकार्य गर्न यस प्रकारका यज्ञ अनुष्ठानले समाजलाई उत्प्रेरित गरिरहेका हुन्छन् ।

यो यज्ञ सम्पन्न गर्न वैदिक विधि, नियम र आचारसंहिताको पालना अनिवार्य छ। यो अनुशासन यज्ञचार्य, ब्राह्मण ,बटुक ,यजमान र आयोजक सबैका लागि उत्ति नै अनिवार्य हुन्छ। आचारसंहिताको पालना र अनुशासनले यो यज्ञ मात्र होइन कुनै पनि समाज अनुशासन र नैतिक आचरणमा अब्बल भएमा मात्रै उन्नत बन्न सक्छ भन्ने गहिरो सन्देश प्रवाह गर्दछ।

साथै पारिवारिक, सामाजिक र व्यावसायिक जीवनमा अनुशासन र जिम्मेवारीको महत्वलाई स्थापित गर्न गराउन थप बल प्रदान गरिरहेको हुन्छ।

अतिरुद्र महायज्ञ जस्ता दर्बिला अनुष्ठानहरूले प्रकृति र पर्यावरणप्रति उत्तिकै सम्मान गरिरहेका हुन्छन् । यज्ञमा प्रयोग गरिने सामग्री , वेदका ऋचाहरूको उच्चारण र हवनादि कर्महरूबाट वातावरण शुद्ध हुन्छ भन्ने विश्वास रहिआएको छ ।

प्रकृतिसँग सन्तुलन कायम राख्ने प्रयत्न गर्नु सिङ्गो प्राणी जगत्का लागि अनिवार्य हो। तसर्थ यज्ञ अनुष्ठानले पर्यावरण संरक्षण, हरियालीको प्रवर्द्धन र प्राकृतिक स्रोतहरूको समुचित प्रयोगका लागि यो समाजलाई नै सचेत बनाइरहेका हुन्छन् ।

त्यसबाहेक मानसिक शुद्धता र सकारात्मक सोचको अभिवृद्धि ,भोजन , दान र सेवाकार्यहरुमार्फत सहयोगी एवं सहानुभूति भावनाको विकास, आफ्नो कर्तव्यप्रतिको सचेतता झल्काउन पनि यज्ञ अनुष्ठानहरुले प्रत्यक्ष भूमिका खेलिरहेका हुन्छन् । जसका कारण मानिस आफ्नो व्यक्तिगत जीवनको उद्देश्य र कर्मप्रति गम्भीर बन्दै समाजलाई स्वस्थ, सभ्य र समुन्नत बनाउन सहयोगी बन्न सक्दछ।

तसर्थ अतिरुद्र महायज्ञ एक धार्मिक अनुष्ठान मात्रै होइन, यो अनुष्ठान व्यक्ति र समाजको नैतिक ,आध्यात्मिक र सामूहिक समुन्नतिका लागि महत्वपूर्ण पाठशाला पनि हो।

साधुटारको समुन्नतिमा महायागको दुरगामी महत्वः

कोशी प्रदेश सरकारले आगामी वर्ष पर्यटन प्रवर्द्धन गर्ने योजनामा विशेषगरी धार्मिक, सांस्कृतिक , प्राकृतिक र ग्रामीण पर्यटनलाई प्राथमिकता दिने उल्लेख गरिसकेको छ ।

झापाको शंकराचार्यपीठ साधुटारसहितका देवस्थलहरू प्रदेश सरकारको योजनाका महत्वपूर्ण हिस्सा बन्न सक्दछन्। कोशी प्रदेशका अन्य धार्मिक स्थलहरूसँग झापाका ऐतिहासिक देवस्थलहरूलाई जोडेर पर्यटन प्याकेज तयार गर्न सकिनेछ।

स्थानीय र बाह्य पर्यटकहरूको आगमन बढाउन यी पवित्र स्थलहरू समेटेर परिक्रमा- मार्ग निर्माण गर्न पनि सकिनेछ। देवस्थलहरूसम्म पुग्न सडक, खानेपानी, शौचालय र विश्रामस्थलहरूको निर्माण र जीर्णोद्धार गर्न प्रदेश सरकारको यो योजनाले सहयोगी भूमिका निर्वाह गर्न सक्दछ ।

कोशी प्रदेश सरकारले सार्वजनिक गरेको पर्यटन प्रवर्द्धनको योजनाबमोजिम झापाका साधुटारसहित अर्जुनधारा, किचकबध, सताक्षीधाम, कृष्णथुम्कीसहितका देवस्थल अनि गुम्बाहरुलाई समेट्न सके सिंगो प्रदेशकै आर्थिक, सांस्कृतिक र सामाजिक विकासमा उल्लेखनीय योगदान पुग्न सक्नेछ ।

यो अनुष्ठानमार्फत शंकराचार्यपीठले धार्मिक पर्यटन, आध्यात्मिक जागरण एवं सामाजिक आर्थिक समृद्धिका लागि महत्वपूर्ण मार्ग प्रशस्त गर्न सक्दछ।

नेपाल-भारतका सनातन अनुयायीहरूको सहभागितालाई दृष्टिगत गरी साधुटारलाई अन्तर र्ष्ट्रिय धार्मिक केन्द्र बनाउने सम्भावना पनि शंकराचार्य पीठसँग रहेको छ। यहाँ सञ्चालित वेद-वेदाङ्ग पाठशाला अझ दर्बिलो बनाउँदै धार्मिक शिक्षा र स्रोत केन्द्रको स्थापनामा पहल बढाउन सके नविन पुस्तामा आध्यात्मिक शिक्षा र संस्कारहरू विकसित गर्ने सहज वातावरण तयार गर्न सकिन्छ ।

समग्रमा अतिरुद्र महायज्ञजस्तो शक्तिशाली अनुष्ठानले सामाजिक जागरण तथा नैतिक चेतनाको विकासमा सन्देश प्रवाह गर्न सकेको खण्डमा शंकराचार्य पीठलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमै परिचित धार्मिक केन्द्रका रुपमा उभ्याउने ठोस आधार तयार गर्न सकिने सम्भावनालाई नकार्न सकिन्न तर यसका लागि व्यक्ति, समुदाय, समाज र सरकार निस्वार्थ रुपमा प्रतिबद्ध भने हुनै पर्दछ ।

# राधिका शाक्यले देखेको पार्टी नेताको हविगत



• **मिथिला पोखरेल**

लेखक राधिका शाक्यको मेरा अनुभूतिहरु नामको किताव केही वर्षअघि छापिएको थियो । यस किताबको पछाडिको पानामा शाक्यले यस किताबमा आफ्ना आँशु, व्यथा र पीडा बगेको बताउनु भएको छ । उहाँले यो एउटा किताब मात्र होइन, यो मेरो जीवनको कठिन चरणको र एउटा कालखण्डको वेदना हो भन्नुभएको छ । राधिका शाक्य भएर पढ्दा पाठकलाई यस किताबले रुवाउँदो रहेछ । यस किताबमा प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी ओलीका अतीतका कहालीलाग्दा दिनहरुको बयान रहेछ । खाल्डो खनेर जिउँदै पुर्नलाग्दा तत्कालीन सइ मोहनप्रसाद अधिकारीको मन पग्लिएर ओली बालबाल बच्नु भएको कुरा छ र यसको आङ नै सिरिङ्ग हुने बयान रहेछ । ओलीलाई किड्नी प्रदान गर्ने चेलीहरु अञ्जना घिमिरे, र समीक्षा संग्रौलाको विषयसितै समीक्षा संग्रौलालाई आवश्यक रक्तदान गर्ने सिर्जना अर्याललाई पनि किताबमा पढ्न पाइयो । उपचार गर्न देशबाहिर रहँदाका बखत एक दिन ओलीले राधिकालाई यसपालि म निको भएर आउन्न कि क्या हो भन्दा शाक्यको मन कस्तो भयो होला । यसको अत्यन्तै दुःखलाग्दो वर्णन पनि किताबमा रहेछ । यसरी ओली पटक पटक सिकिस्त विरामी हुँदा अमिलो मन लगाउनु भएकी राधिकाका मुर्छा पर्ने खालका र हृदय नै चिरिने खालका असह्य छटपटी पीडा किताबमा पाइन्छ । एउटी लेखकलाई लेखाइको समस्या र पीडा थाहा हुन्छ । तर यो बन्जर बाँझो राजनीतिक बजारमा अझ महिलाका लेख, किताब र रचना पढिदिने र अरु लेख्न हौसला दिने नेताकै अभाव देखिन्छ । र यसमा अझ यसमा महिला नेतृत्व त शून्यझैं रहेको मेरै अनुभव छ । मैले ४९ सालदेखि कोर्दै लेख लेख्न सिकेको हो । गुरुबिना चेला हुँदो रहेनछ । पढ्ने र लेख्ने बानी घरबाट नै हुन गयो । सुरुमा जे जे मनमा आउँछ, त्यही लेखियो । यसरी लेख्दा चार पाना लेखियो । अनि त्यसलाई तलमाथि पारेर मिलाउँदा लेख हुँदो रहेछ । अर्को चाहिँ जति सकिन्छ र आउँछ ,बुँदाका नाममा टिप्यो अनि तिनै बुँदाहरुलाई फैलाएपछि लेख बन्दो रहेछ । महिलाका बौद्धिक विकास गर्ने काममा अनेम संघको ध्यान दिए कति जाति हुन्थ्यो । इटहरीमा पोखराबाट आएर गुरुङ समुदायले बृहत् कविगोष्ठी गरेको थियो । त्यसमा इटहरीकी स्रष्टा मिश्रा गुरुङद्वारा आमन्त्रित प्रा.डा. बद्रीविशाल पोखरेलले मन्तव्य दिँदा अत्यधिक सहभागी महिलालाई विशेष सम्बोधन गरेर बोलेको म अहिले सम्झन्छु । उहाँले तपाई आमा, दिदी, बहिनीहरु सबका मन मस्तिष्क र हृदयमा कवि भावना मडारिन्छ । भित्रभित्रै सलबलाएका भावनाका कारण तपाईहरु घरि रुनु हुन्छ, हाँस्नु हुन्छ,घरि विरहमा पर्नु हुन्छ, रिसाउनु हुन्छ , घरि धेरै दुख्ख महसुस गर्नु हुन्छ । कविले तिनै भावनालाई भाषामा उतार्छन् र कवि र गीतकार बन्छन् । तर तपाईहरु ती मनका अटेसमटेस भावनाहरु भाषाका माध्यमबाट कविता वा साहित्य लेख्न सकिरहनु भएको छैन । मनमा छचल्किएका ती भावनाहरु भाषामा लेख्न थाल्नु भयो भने तपाईहरु कवि र गीतकार बन्न सक्नुहुन्छ भन्नु भयो । यसको मतलब अलिकति ध्यान दिने र अलिअलि ताते गरिदिने गुरु भए महिला कुनै पनि क्षेत्रमा कम हुँदैनौ तर दुर्भाग्य महिलाका लेख रचना पढिदिने सुझाव दिने र प्रोत्साहित गरिदिने महिला नेता नभए बराबर छन् ।

मेरो पहिलो प्रकाशित कृति चेलीको चिरहरण धेरैले देखे, र सुने र अलिकति भए पनि पढे पनि पुरुष नेताले प्रोत्साहनको एक शब्द बोलेनन् । नेता भीम आचार्यले इटहरीमा मेरो किताबको विमोचन त गरे तर किताब र लेखकका बारेमा एक अक्षर उच्चारण गरेनन् । मदन भण्डारी फाउन्डेसनमा पनि माथिकै जस्तो व्यवहार मैले भोगेकी छु तर यस्ता कुराको विरोध गर्ने स्वभाव भएकाले म टेर्नेवाला होइन । वार्ड, गाउँ, नगर, जिल्लालगायतका नेताका जन्मदिनमा बधाईका बधाई दिन्छन् फेसबुकमा । तर लेख, पुस्तक लगायत प्रकाशित रचनाका बारेमा प्रोत्साहनका एक अक्षर,वाक्य र बोली निस्कँदैन । हुँदाहुँदा मेरो प्रकाशन गर्न तयार गरिएको दोस्रो महिला सशक्तीकरणको सवाल नामको किताब, जसमा महासचिव शंकर पोखरेलको शुभकामना समेत छ तर अनेमसंघ केन्द्रले एक वर्ष हेर्न र पढ्न भनेर राखेर पढ्दै नपढी प्रकाशनयोग्य ठहर गरेन । आर्थिक लगानी मेरो आफ्नै थियो तर म दावा गर्छु यो किताबमा रहेका लेखहरु प्रायः उपल्ला तहका धेरै नेता र नेतृले लेख्नै सक्तैनन् । लेखेको भए पढ्न र सुन्न पाइन्थ्यो होला ।

आदरणीय शान्ता मानवी, राधिका शाक्य, प्रसिद्ध कलाकार भूमिका सुब्बा तथा एमाले नेता तथा ओलीका स्वकीय सचिव राजेश बज्राचार्य पढ्नु हुँदो रहेछ भन्ने थाहा पाउँदा अरु लेख्न प्रेरणा मिलेको छ । अझ ओली त भेट्नेबित्तिकै लेखक गुरुआमा भनेर सम्बोधन गर्नुहुन्छ । यसरी प्रेरणा दिने नेताले मात्र आम जनता र कार्यकर्तालाई प्रोत्साहित गर्छन् र पार्टी वरिपरि लाखौं जनतालाई गोलबन्ध गर्न सक्छन् । डा. पोखरेल मुस्कान र ठस्कानमा सामान्य अन्तर नदेख्ने अधिकांश नेताका कारण पार्टीप्रति माया, ममताभन्दा मनभित्रबाट तिरस्कार व्यक्त भएको देखिन्छ । राजसा महासङ्घ,सुनसरीले आयोजना गरेको एक कार्यक्रममा फेरि डा. पोखरेलले सामान्य प्रगतिशील चेत र चिन्तन नभएका केन्द्रमा नै जनवर्गीय संगठनका वा मोर्चा संगठनका केन्द्रीय स्तरका इन्चार्जका कारण यो सबैभन्दा महत्वपूर्ण क्षेत्र थला परेको पनि बताउनु भयो । माथिल्ला तहका तिनलाई आदिकवि भानुभक्त आचार्यको प्रगतिशील पक्षबारे शून्य चेत रहेको बताउनु भयो । महत्व बुझ्नेले मात्र महत्व उजागर गर्छन् । बाँदरका हातमा नरिवल भएपछि के हुन्छ र ? डा. पोखरेलले बताउनु भयो ।

राधिका शाक्यका किताबमा माधवकुमार नेपाल,झलनाथ खनाल र बामदेव गौतमले ओलीलाई पार्टीमा टाउको उठाउनै नदिने गरी अनेक षडयन्त्र गरेर पाताल धसाएको बताउनु भएको छ । यस्तो नाङ्गो नाच तिनले गरे पनि ओलीले चुपचाप सहेको बताइएको छ र हो पनि । यसको उदाहरण हामी नै छौं । ओली पक्षको हो भनेपछि डा. पोखरेललाई सातौं महाधिवेशनताका गोपाल गुरागाईं बहुपदीय धारणा लिएर हाम्रा घरमा आएर खाना खाएवापत डा. पोखरेललाई भाते मुद्दा लगाए, पार्टीविरोधी भनेर जिल्लाभरि प्रचार गरे । त्यसपछि मलाई अनेम संघ, जिल्ला अधिवेशनको बेला बैठकमा आन्तरिक रुपमा अध्यक्ष छनौट गर्ने क्रममा गौतम थरि नेताले सुरु खुल्ला मतदानमा १ भोटले मेरा पक्षमा बहुमत आयो तर षडयन्त्र गरेर फेरि मतदान गराएर १ भोटले मलाई हराइन् । यस्ता घटना फेरि फरि नहुन् भनेर मात्र भनिएको हो । त्यसैगरी दसौं महाधिवेशनमा मलाई जालसाजी गरेर महाधिवेशन प्रतिनिधि बन्नबाट भण्डारी थरि अध्यक्षले छेके । नत्र म पार्टी केन्द्रीय सदस्य हुन्थेँ । प्रदेश सभासद नै हुन्थेँ तर बेइमानीका अगाडि ओलीको त दाल गलेन हाम्रो के गल्नु ? तर मलाई त सुनसरीका अध्यक्षले चपरीमुनि पार्न खोजेका थिए । यस्ता कुरापाती र खुरापाती जहाँ जतिसुकै ठूला पदमा पुगे पनि पार्टीका क्षयरोग हुन् । अति गरे खति हुन्छ । अनावश्यक जिद्दी र घमण्डले पार्टी क्षतविक्षत हुन्छ । अहिले पनि सुनसरी र इटहरीका केन्द्रीय सदस्यको पुरानै खुरापाती चरित्र हटेको छैन । आँखा चिम्लेर आफ्ना पछिपछि लुरुलुरु नलाग्ने अगुवा कार्यकर्ताको राजनीति समाप्त पारिदिन्छुसम्म भनेर रातबिरात टेलिफोन गरेर हप्काएको मलाई थाहा छ । लागेको बानी को छाड्छ भनेझैं भएकाले इटहरीलगायत कुनै कुनै पालिकाको अवस्था भोलि पनि सुध्रने देखिन्न । अर्को कुरा घरको पनि

❖ बाँकी अन्तिम पृष्ठमा

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

- **मेष**: शुभकार्यको चर्चा चल्नेछ । साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ ।
- **वृष**: दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।
- **मिथुन**: आज जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ ।
- **कर्कट**: रमणीय र सुखद् यात्राको योग छ । नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ ।
- **सिंह**: आज इच्छा र आकांक्षा पूर्ण हुनेछन् । ठूला व्यक्तिले तपाईंका मेहनतको प्रशंसा गर्नेछन्
- **कन्या**: गरेको काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला ।
- **तुला**: आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।
- **वृश्चिक**: आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।
- **धनु**: आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।
- **मकर**: महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । धनार्जनका स्रोतहरू पत्ता लाग्ने
- **कुम्भ**: आज आकस्मिक धनलाभ हुनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।
- **मिन**: दबाब र तनाव बढेको महसुस हुनेछ । पारिवारिक समस्या आइपर्ला ।